nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

19°C । वर्ष :११, अंक : १३४ पृष्ठ ४ । शनिबार ०३ माघ २०८२ । SATURDAY, JANUARY 17, 2026 .nepalpostdaily .com । मुल्य ५ रुपैया

## पर्साका चार वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०२ माघ ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि पर्सा जिल्लाका चारै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । वीरगन्जको राधेमाईस्थित जिल्ला समन्वय समिति कार्यालयमा मुख्य निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा ल्याइएको छ । जिल्ला निर्वाचन कार्यालय पर्साकी जिल्ला निर्वाचन अधिकारी अनामिका रौनियारका अनुसार निर्वाचन कार्यक्रमलाई व्यवस्थित र समयमै सञ्चालन गर्न कार्यालय स्थापना गरिएको हो । उनका अनुसार "निर्वाचन प्रक्रिया पारदर्शी, सुरक्षित र सहज रूपमा अघि बढाउने उद्देश्यले तोकिएका सबै क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । मुख्य निर्वाचन अधिकृत तथा पर्सा जिल्ला अदालतका न्यायाधीश गायत्रीप्रसाद रेग्मीले निर्वाचन आयोगको निर्देशनअनुसार निर्वाचन कार्यक्रम अघि बढाइएको बताए । उनले भने, "निर्वाचनलाई निष्पक्ष, भयरहित र कानुनसम्मत रूपमा सम्पन्न गराउन प्रशासन, सुरक्षा निकाय र सरोकारवाला सबैसँग समन्वय गरेर काम गरिरहेका छौं । मतदातालाई ढुक्क भएर मतदान गर्ने वातावरण बनाइनेछ ।" पर्सा जिल्लामा क्षेत्र नम्बर २ को निर्वाचन अधिकृतको कार्यालय पनि जिल्ला समन्वय समिति परिसरमै स्थापना गरिएको छ भने क्षेत्र नम्बर ३ को कार्यालय पोखरिया नगरपालिकास्थित विद्युत प्राधिकरणको कार्यालयमा र क्षेत्र नम्बर ४ को कार्यालय धोबिनी गाउँपालिका कार्यालय नजिकै सञ्चालनमा ल्याइएको छ । पर्सा जिल्लामा ४४३ वटा मतदान केन्द्रमार्फत मतदान गराइने रौनियारले जानकारी दिइन् । रौनियारका अनुसार नियमित रूपमा ४४१ वटा मतदान केन्द्र कायम गरिएका छन् भने दुई वटा अस्थायी मतदान केन्द्र रहेका छन् । तीमध्ये एक वीरगन्ज कारागारमा र अर्को नेपाली सेनाको श्रीजंग गणमा रहनेछ । कारागारमा रहेका कैदीबन्दीले त्यहीँबाट मतदान गर्नेछन् भने सुरक्षाकर्मी तथा निर्वाचनमा खटिने कर्मचारीहरूले श्रीजंग गणमा रहेको केन्द्रबाट मत दिने व्यवस्था गरिनेछ । निर्वाचन क्षेत्रगत रूपमा क्षेत्र नम्बर १ मा १०३, क्षेत्र नम्बर २ मा ११० तथा क्षेत्र नम्बर ३ र ४ मा समान रूपमा ११४-११४ वटा मतदान केन्द्र तोकिएका छन् । यसैगरी जिल्लाभर १६७ वटा मतदान स्थल रहेका छन् । क्षेत्र नम्बर १ मा ३४, क्षेत्र नम्बर २ मा ३८, क्षेत्र नम्बर ३ मा ४७ र क्षेत्र नम्बर ४ मा ४८ वटा मतदान स्थल कायम गरिएको छ । जिल्ला निर्वाचन अधिकारी रौनियारका अनुसार पर्सा जिल्लामा कुल मतदाता संख्या ३ लाख ७६ हजार ५१३ रहेको छ । तीमध्ये १ लाख ६४ हजार ४२१ महिला, २ लाख १२ हजार ७७ पुरुष तथा १५ जना यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका मतदाता रहेका छन् । फागुन २० गतेसम्म १८ वर्ष पूरा भएका मतदातालाई मतदाता सूचीमा समावेश गरिएको उनले बताइन् । कार्यालय स्थापना कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी भोला दहाल, प्रमुख प्रहरी उपरीक्षक सुदिपराज पाठक, सशस्त्र प्रहरी उपरीक्षक पुरणचन्द्र भट्ट, अनुसन्धान कार्यालय पर्साका उपनिर्देशक सन्तोष ढुङ्गेल, निर्वाचन अधिकृतहरू मधुसुदन आचार्य, बुद्धिलाल श्रेष्ठ र नुतन झा लगायतको उपस्थिति रहेको थियो ।

## मागभन्दा दोब्बर आवेदन: पर्सामा निर्वाचन प्रहरी बन्न युवाको ठूलो आकर्षण




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०२ माघ ।**

पर्सामा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै आह्वान गरिएको निर्वाचन प्रहरीमा मागभन्दा दोब्बरभन्दा बढी आवेदन परेको छ । निर्वाचन सुरक्षामा खटिने म्यादी प्रहरीप्रति युवाहरूको उल्लेखनीय आकर्षण देखिएको हो । निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समिति पर्साले नेपाल प्रहरी र सशस्त्र प्रहरी बल दुवैतर्फ गरी कुल २ हजार ८५२ जनाको आवेदन माग गरेको थियो । तर नेपाल प्रहरीतर्फ मात्रै ५ हजार ३९९ जनाको आवेदन परेको छ । यस्तै, सशस्त्र प्रहरीतर्फ ३८५ जना निर्वाचन प्रहरी माग गरिएकोमा माघ १ गतेसम्म ५२१ जनाले आवेदन दिएका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार निर्वाचन प्रहरीमा आवेदन दिनेहरूको संख्या अपेक्षाभन्दा धेरै रहेको छ । पहिलो पटक आवेदन दिने पुरुषको संख्या ३ हजार १४७ जना र महिलाको संख्या ६०३ जना रहेको छ । यसैगरी, विगतमा म्यादी प्रहरीका रूपमा काम गरिसकेका ६८७ जना पुरुष र १५३ जना महिलाले पुनः आवेदन दिएका छन् । पूर्वसुरक्षाकर्मीका रूपमा १२ जना पुरुष तथा विदेशी सेनाबाट अवकाश प्राप्त एक जनाले समेत निर्वाचन प्रहरीमा आवेदन दिएको प्रवक्ता बस्नेतले जानकारी दिए ।

उता, सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाका अनुसार निर्वाचन प्रहरीमा युवादेखि विभिन्न उमेर समूहका व्यक्तिहरूको आकर्षण देखिएको छ । सशस्त्र प्रहरीतर्फ माघ ३ गतेसम्म आवेदन दिन सकिने व्यवस्था गरिएको उनले बताए ।

यसैबीच, रौतहट जिल्लामा आह्वान गरिएको निर्वाचन प्रहरीका लागि पनि उल्लेखनीय संख्यामा आवेदन परेको छ । रौतहटमा नेपाल प्रहरी र सशस्त्र प्रहरीतर्फ गरी कुल ६ हजार ७३६ जनाको आवेदन परेको जनाइएको छ, जसमा ५ हजार ३४८ जना पुरुष र ९३६ जना महिलाको सहभागिता रहेको छ । रौतहट जिल्लामा नेपाल प्रहरीतर्फ ३ हजार ४६६ जना र सशस्त्र प्रहरीतर्फ ३८५ जना निर्वाचन प्रहरी माग गरिएको थियो । निर्वाचन मिति नजिकिँदै जाँदा निर्वाचन सुरक्षामा खटिने म्यादी प्रहरीप्रति युवाहरूको आकर्षण झनै बढ्दै गएको देखिएको छ ।

## नेपाल प्रहरीका आईजीपी कार्कीले पोखरियामा विपन्न र दलित समुदायका १८४ जनालाई बाँडे कम्बल



**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,०२ माघ ।**

नेपाल प्रहरीका प्रहरी महानिरीक्षक (आइजीपी) दान बहादुर कार्कीले पर्साको पोखरियामा अति विपन्न दलित र अन्य समुदायका १८४ जनालाई कम्बल वितरण गरेका छन् । काठमाडौंबाट बिहीबार बिहान आफ्नी पत्नि नविना कार्कीसंगै वीरगन्ज आइपुगेका आईजीपी कार्कीले माईस्थानमा पुगेर गहवामाई माताको दर्शन गरेका थिए ।त्यसपछि पोखरिया नगरपालिका-४पोखरियास्थित जिल्ला उचांगल रामदेव प्रसाद कलवार माविमा आयोजित कार्यक्रममा पुगेका कार्कीले अति विपन्न दलित र अन्य समुदायका १८४ जनालाई कम्बल वितरण गरे ।

त्यसअवसरमा उनकी पत्नि तथा नेपाल प्रहरी श्रीमती संघकी अध्यक्ष नविना कार्की,मधेस प्रदेशका डिआईजी गोविन्द थपलिया,पोखरिया नगरपालिकाका मेयर प्रधुमन चौहान,पर्साका प्रहरी उपरीक्षक सुदीपराज पाठक लगयतकाको पनि विशेष उपस्थिति थियो। त्यसपछि जिल्ला प्रहरी कार्यालय पर्सामा पुगेका आईजीपी कार्कीले मातहतका प्रहरी कर्मचारीलाई शान्ति सुरक्षा कायम,अवैध निकासी पैठारी नियन्त्रण,लागूऔषधको ओसारपसार नियन्त्रण लगायतका विषयमा निर्देशन दिए । आईजीपी कार्की बिहीबार नै साँझ बाराको सिमरा प्रस्थान गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जानकारी गराएको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

## निर्वाचन तयारी तीव्र, आजदेखि १६५ निर्वाचन क्षेत्रमा अधिकृतको कार्यालय सक्रिय




**काठमाडौं,०२ माघ ।**

आगामी प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै निर्वाचन आयोगले प्रशासनिक तयारीलाई औपचारिक रूप दिएको छ । आयोगले आजदेखि देशभरका १६५ वटै निर्वाचन क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी सञ्चालन सुरु गरेको हो । उम्मेदवारी दर्ता प्रक्रिया नजिकिँदै गर्दा आयोगले निर्वाचन व्यवस्थापनलाई व्यवस्थित बनाउन सम्बन्धित क्षेत्रमै कार्यालय खोलेर कर्मचारी परिचालन गरेको छ । प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत ६ माघमा उम्मेदवारी मनोनयन् हुने कार्यतालिका रहेकाले त्यसअघि नै आवश्यक पूर्वाधार तयार पारिएको आयोगको भनाइ छ । निर्वाचन आयोगकी सहायक प्रवक्ता सीता श्रीस पुनका अनुसार सबै निर्वाचन क्षेत्रमा एकै दिन कार्यालय सञ्चालनमा ल्याइएको हो । यसका लागि आयोगले ७७ जना मुख्य निर्वाचन अधिकृत र ८८ जना निर्वाचन अधिकृतको नियुक्ति गरिसकेको छ । एक निर्वाचन क्षेत्रको सम्पूर्ण निर्वाचन प्रक्रिया हेर्ने जिम्मेवारी मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतलाई दिइएको छ । जिल्ला न्यायाधीशहरू मुख्य निर्वाचन अधिकृतका रूपमा खटाइएका छन् भने न्याय सेवाका द्वितीय श्रेणीका अधिकृतहरू निर्वाचन अधिकृतको भूमिकामा रहनेछन् । न्याय परिषद्सँग परामर्श गरेर आयोगले यी अधिकृतहरूको टुंगो लगाएको जनाएको छ । आयोगका अनुसार समयमै कार्यालय सञ्चालनमा आएसँगै उम्मेदवारी दर्तादेखि निर्वाचन प्रक्रिया थप व्यवस्थित र विश्वसनीय हुने अपेक्षा गरिएको छ ।

## रौतहटमा निर्वाचन प्रहरीका लागि ६ हजारभन्दा बढीको आवेदन

**रौतहट,०२ माघ ।**

रौतहटमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन प्रहरी बन्न इच्छुकको उल्लेख्य चाप देखिएको छ । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार आवेदन दिने अन्तिम दिन माघ १ गतेसम्म कुल ६ हजार ७३६ जनाले आवेदन दिएका छन् । जिल्लामा नेपाल प्रहरीतर्फ ३ हजार ४६६ जना र सशस्त्र प्रहरीतर्फ ३८५ जना निर्वाचन प्रहरी आवश्यक रहेको छ । तर नेपाल प्रहरीतर्फ मात्रै ६ हजार २८४ जनाले आवेदन दिएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी नायब उपरीक्षक विष्णुप्रदीप बस्यालले जानकारी दिनुभयो ।

बाँकी तेश्रो पृष्ठमा⇨

**मतदानमा सहभागी बनौं।**

- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- मतदाताको अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरौं।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरौं।
- मतदान स्थल, केन्द्र र समयको बारेमा जानकारी राखौं।
- मतदान गर्न जाँदा मतदाता परिचयपत्र अनिवार्यरुपमा लिएर जाऔं।
- दबाब र प्रभावमा परी मतदान नगरौं।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरौं।
- अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरौं।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।
- राष्ट्रिय हित, विकास र सुशासनका पक्षमा योग्य प्रतिनिधि छानौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नेपाल पोष्ट डेलीका लागि

प्रकाशक :- नेपाल पोष्ट मिडिया प्रा.लि.
सम्पादक :- मनोज पटेल
कार्यकारी सम्पादक :- संतोष साह
सह-सम्पादक :- सरोज पटेल
सम्पर्क कार्यालय :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल
मुद्रक :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा



Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## कांग्रेसको निकास विधि

संसदीय आमनिर्वाचनको तयारी भइरहँदा मुलुकको सबैभन्दा ठुलो र पुरानो पार्टी नेपाली कांग्रेसमा उत्पन्न विवादले चिन्ता र आशङ्का बढाएको छ । यो पार्टीको विवाद अहिले निर्वाचन आयोगमा पुगेको छ । कांग्रेसको संस्थापन पक्ष र विशेष महाधिवेशन आयोजक समितिले आआफ्ना निर्णयबारे निर्वाचन आयोगलाई जानकारी गराएका छन् । निर्वाचन आयोगले विधि र प्रक्रिया अनुसार कांग्रेस विवादको निरूपण शीघ्र गर्नुपर्ने भएको छ । कांग्रेस केन्द्रीय कार्यालय सानेपामा बुधबार बसेको केन्द्रीय कार्यसमिति बैठकले महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फरमुल्लाह मन्सुरलाई कारबाही गरिएको विषय निर्वाचन आयोगलाई जानकारी गराएको छ । त्यसै गरी कांग्रेसको विशेष महाधिवेशन आयोजक समितिले पुस २७ गतेदेखि काठमाडौँको भृकुटीमण्डपमा विशेष महाधिवेशन आह्वान गरिएको लिखित जानकारी निर्वाचन आयोगलाई दिएको छ । समितिले विशेष महाधिवेशन, कार्यविधि पारित गरिएको र नयाँ नेतृत्व चयन गर्नेबारे लिखित निवेदनमार्फत जानकारी गराएको पुष्टि गरेको छ । विशेष महाधिवेशनको बुधबारको बन्दसत्रमा पार्टीका महामन्त्री थापालाई सर्वसम्मत रूपमा सभापति चयन गरिएको छ । केन्द्रीय उपसभापतिमा विश्वप्रकाश शर्मा र पुष्पा भुसाल, महामन्त्रीमा प्रदीप पौडेल र गुरुराज घिमिरेलगायत १२१ सदस्यीय केन्द्रीय कार्यसमिति चयन गरिएको छ । अर्कोतर्फ संस्थापन पक्षको बैठकले महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री मन्सुरलाई अनुशासन उल्लङ्घन गरेको निष्कर्षसहित पाँच वर्षका लागि निष्कासन गरेको छ । उहाँहरूले विशेष महाधिवेशन आयोजना गरी पार्टीलाई गम्भीर हानिनोक्सानी पुऱ्याउने कार्य गर्नुभएकाले कारबाही गरिएको जिकिर छ । विशेष महाधिवेशनमा सहभागी नेता कार्यकर्तालाई पनि यथाशीघ्र पार्टीको जिम्मेवारीमा फर्किन र आगामी वैशाखमा घोषित १५ औँ महाधिवेशनका कार्यक्रम सफल पार्न आह्वान गरिएको छ । विशेष महाधिवेशनबाट सभापति चयन भएपछि थापाले संविधान, कानुन र नेपाली कांग्रेसको विधान अनुसार विशेष महाधिवेशनले आधिकारिकता प्राप्त गर्ने, पार्टीको झन्डा र रुख निर्वाचन चिह्न पनि विशेष महाधिवेशनबाट निर्वाचित कार्यसमितिले प्राप्त गर्ने दाबी गर्नुभएको छ । उहाँले जेनजी आन्दोलनपछि उत्पन्न विशिष्ट परिस्थितिकै कारण विशेष महाअधिवेशन आयोजना गरिएको प्रस्ट पार्नुभएको छ । संस्थापन पक्षको बैठकले केन्द्रीय कार्यसम्पादन समितिका पछिल्ला निर्णयसमेत अनुमोदन गरेको छ । कार्यवाहक सभापति पूर्णबहादुर खड्काको प्रस्तावमा पार्टीका केन्द्रीय निकायबाट भएका निर्णयको प्रमाणित गर्ने तथा केन्द्रीय निकायबाट भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने गराउने र कार्यान्वयनका लागि निर्देशन दिने निर्णय भएको छ । बैठकले पार्टीको उद्देश्य, नीति र आचारसंहिताविरुद्ध अथवा विधानको उल्लङ्घन भएमा पार्टीका निकाय, पदाधिकारी वा सदस्यबाट केन्द्रीय कार्यसमिति वा केन्द्रीय अनुशासन समितिमा सोझै उजुरी परेमा वा केन्द्रीय कार्यसमिति वा केन्द्रीय अनुशासन समितिमा कुनै पनि रूपमा जानकारी हुन आएमा केन्द्रीय कार्यसमिति वा केन्द्रीय अनुशाासन समितिले जुनसुकै तहको अनुशासनसम्बन्धी कारबाहीको निर्णय गर्न र गराउन सक्ने निर्णय गरेको छ । बैठकले अनुशासन भङ्ग गर्नेलाई कसुर हेरी सम्झाउने, चेतावनी दिने, निलम्बन वा निष्कासन गर्ने, त्यस्तो कारबाही गर्दा आफ्नो सफाइ दिने मौकाबाट कसैलाई पनि वञ्चित नगरिने तर अपर्झट रूपमा अनुशासनसम्बन्धी कारबाही गर्नु गराउनु परेको अवस्थामा सफाइको मौका दिनुपर्ने व्यवस्था अनिवार्य नहुने निर्णय गरिएको छ । मुलुकले अहिले नयाँ परिवर्तन खोजेको छ । भ्रष्टाचारमुक्त समाज, सुशासन, समृद्धि र शान्तिका लागि पुरानो पाराको शासनशैली र नेतृत्वबाट सम्भव नदेखेर नै नवयुवा (जेनजी) पुस्ताले आन्दोलन गरेको हो । आन्दोलनले तत्कालीन सरकार विस्थापित गरी पूर्वप्रधान न्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बनाएको छ । यो सरकारले आउँदो फागुन २१ गते प्रतिनिधि सभाको नयाँ निर्वाचन गराउने कार्यादेश पाएको छ । मुलुक निर्वाचनमय भइरहेको छ । चुनावमा भाग लिने नयाँ पुराना राजनीतिक दलहरूले समानुपातिकतर्फको बन्दसूची निर्वाचन आयोगमा पेस गरिसकेका छन् । कांग्रेस पुरानै नेतृत्वलाई अगाडि सारेर निर्वाचनमा जाँदा सफलता मिल्दैन भन्ने कांगेसजनको भावनालाई युवा महामन्त्रीद्वय थापा र शर्माले अगाडि सार्नुभयो । उहाँहरूको विशेष पहलमा बहुमत महाधिवेशन प्रतिनिधि जुटाएर पार्टीको विशेष महाधिवेशन गराउनुभयो । महाधिवेशनले थापालाई नयाँ सभापति चयन गरी उहाँकै नेतृत्वमा चुनावमा जाने निर्णय गरेको छ तर यो कुरा पार्टीको संस्थापन पक्षले स्वीकार गरेन । सभापति शेरबहादुर देउवा तत्काल नेतृत्व हस्तान्तरण गर्न सहमत हुनु भएन । जसले गर्दा कांग्रेस विवाद पेचिलो बन्यो । दुवै पक्ष आआफ्नो दाबीसहित निर्वाचन आयोग पुगेका छन् ।

# विषाक्त पुरुषत्वले नमान्ने महिला नेतृत्व



**सुनिता मैनाली**

पितृसत्ताले पुरुषप्रति विशेष अपेक्षा राख्छ । ती अपेक्षा पूरा गराउन पुरुषलाई त्यहीअनुसारको तालिम दिइन्छ अर्थात् समाजीकरण गरिन्छ । यो समाजीकरणले परिवार, समाज र राजनीतिलाई हेर्ने दृष्टि, सोच्ने तौरतरिका, कुनै पनि परिस्थिति वा घटनालाई बुझ्ने प्रक्रिया साथै महिला र उनीहरूको पहिचान, शारीरिक अखण्डता र उत्पादनलाई कसरी हेर्ने भन्ने विषय निर्धारण गर्छ । यस्तो समाजीकरण पुरुषहरूको वर्चस्व जोगाइराख्न अत्यन्तै महत्त्वपूर्ण हुन्छ । शक्तिकेन्द्रित यस्ता अपेक्षाले पुरुषलाई विषाक्त पुरुषत्वको दलदलमा फसाउँछ किनकि विषाक्त पुरुषत्व पितृसत्तालाई जोगाइराख्न प्रयोग गरिने मुख्य हतियारमध्ये एक हो । यो प्रवृत्तिले पुरुषलाई असीमित शक्ति दिँदा असमान शक्ति सम्बन्धका कारण महिला तथा अन्य पछाडि पारिएका समुदायमाथि असर पर्छ । तर, सबैभन्दा बढी असर पुरुष वर्गलाई नै पर्छ । यसै सन्दर्भमा दक्षिण एसियाली महिलावादी कमला भासिनले एक टेलिभिजन कार्यक्रममा भनेकी थिइन्- विषाक्त पुरुषत्वले पुरुषलाई कठोर, निरंकुश र हिंसात्मक बनाउँछ र उनीहरूको मानवीयता नै हराउँछ ।सामाजिक न्यायका अभियन्ता तथा लेखक बेल हुक्सले भनेकी छन्- पितृसत्ताले पुरुषबाट माग गर्ने पहिलो हिंसा महिलामाथिको हिंसा होइन, बरु पितृसत्ताले सबै पुरुषलाई मानसिक रूपमा आफ्नै अस्तित्वमाथि क्षति पुऱ्याउने कार्यमा संलग्न हुन बाध्य बनाउँछ । त्यसैले यो कुनै एक पुरुषकेन्द्रित आलोचना मात्रै होइन, संरचनागत विभेद कायम राख्न पितृसत्तात्मक व्यवस्थाले कसरी पुरुष वर्गलाई समाजीकरणमार्फत विषाक्त बनाउँछ भन्ने विश्लेषण हो । महिलावादी लेखक केट मिलेटले पितृसत्तालाई एक राजनीतिक संस्था भनेकी छन् । किनकि यो सत्ता र निर्णय-निर्माणसँग जोडिएको हुन्छ । सत्ता कसले सञ्चालन गर्ने ? नीति-नियम कस्तो हुने ? यसको निर्धारण यही राजनीतिक संस्थाका सञ्चालकले गर्छन् । विशेषगरी धर्म, परम्परा, कथन, मिथक आदि स्रोतका आधारमा समाजीकरणका 'कक्षा' सञ्चालन गरिन्छ र यही पितृसत्तात्मक भट्टीबाट सत्ता सञ्चालक उत्पादन हुन्छन् । यो प्रक्रिया व्यक्ति, परिवार र समाज हुँदै राज्यस्तरसम्म फैलिएको हुन्छ ।

अर्की महिलावादी इतिहासकार उमा चक्रवर्तीका अनुसार, धर्ममा आधारित सामाजिक कानुनहरूले महिलालाई नैतिकता र शुद्धताको प्रतीक बनाउँछन् भने पुरुषलाई नियन्त्रक र सत्ताधारीका रूपमा स्थापित गर्छन् । यही कानुनमार्फत समाजीकरण हुँदै सत्ता सञ्चालक वर्ग निर्माण हुन्छ । समाजवादी दार्शनिक फ्रेडरिक एंगेल्सले भने पुरुष वर्चस्वलाई व्यक्तिगत सम्पत्तिको स्वामित्वसँग जोडेका छन् । उनका अनुसार, पुरुष वर्चस्व प्राकृतिक वा जैविक होइन, बरु निजी सम्पत्तिको उदयसँगै पैदा भएको सामाजिक संरचना हो । जब समाज सामूहिक स्वामित्वबाट निजी सम्पत्तितर्फ सऱ्यो तब पुरुषहरूले आफ्ना सम्पत्ति आफ्नै सन्तानमा हस्तान्तरण गर्न महिलाको यौनिकता र प्रजननमाथि नियन्त्रण गर्न थाले । यही प्रक्रियाले पितृसत्ता र विषाक्त पुरुषत्वलाई संस्थागत गऱ्यो भन्ने तर्क पनि सुनिन्छ । हामीले विषाक्तताको स्रोत र वृद्धि प्रक्रियाबारे चर्चा गऱ्यौं । अब कुरा गरौं- वर्तमान राजनीति र आफूलाई सत्ता सञ्चालक ठान्ने वा ठान्न चाहने व्यक्तिहरूको मनोवृत्ति र उनीहरूभित्रको विषाक्ततावारे । हामी कस्ता नेताको परिकल्पना गर्छौं ? नेताको आकृतिमा कस्तो पात्र देख्छौं ? यदि नैतिकवान, सबैलाई सम्मान गर्ने, समावेशी, विविधता स्विकार्ने र विशेषगरी ऐतिहासिक विभेदमा पिल्सिएका समुदायको प्रतिनिधि र आवाज बन्न सक्ने नेता भए परिवर्तन सम्भव होला । तर, जुन समाजमा नेतृत्वदायी पद र भूमिकामा पुरुषले नै कब्जा जमाई महिलाको स्थान अतिक्रमण गरेका छन्, माथि वर्णित समाजीकरणको प्रक्रियामा रूपान्तरण नआएसम्म हामीले चाहेको नेता प्राप्त गर्न सकिन्छ त ? आजको समाजीकरण यस्तो छ जहाँ महिलाहरू जात, वर्ग, लैंगिक पहिचान, यौनिक झुकाव, पहुँच र शारीरिक अवस्थाका आधारमा निरन्तर बहिष्करण, विभेद र हिंसामा परिरहेका छन्, जबकि पुरुषहरू केवल लिंगकै आधारमा शासक र हिंस्रक बनाइँदै छन् । यस्तो समाजीकरण, जहाँ सत्ता मोहभन्दा माथि कोही उठ्न सक्दैन । भर्खरै समानुपातिक प्रणालीमार्फत पनि आसेपासे, पैसावाला र पहुँचवालालाई लाजै नमानी चुनियो । भुइँमान्छेको संघर्षबाट आएको व्यवस्थामाथि टेकेर उनीहरूलाई नै विस्थापित गरियो । आफू मात्रै शक्तिकेन्द्रित भइरहने र अरूको अस्तित्व स्वीकार नगर्ने प्रवृत्ति विषाक्त पुरुषत्वको दरिलो उदाहरण हो । केही दिनअघि 'कान्तिपुर' दैनिकले केही नेताका हिंसात्मक अभिव्यक्तिहरू सार्वजनिक गरेको थियो । ती अभिव्यक्तिमा काट्ने, मार्ने, जलाउनेजस्ता प्रतिशोध र घृणाले भरिएका भरमार शब्दहरू थिए । युवा नेता बालेन शाहको सिंहदरबार जलाउने फेसबुक स्टाटस, एमालेका नेता महेश बस्नेतको 'कि मलाई खुकुरीले रेट, कि रेटिन तयार होऊ' भन्ने अभिव्यक्तिले हजारौं युवालाई आक्रोशित बनायो । र, यस्ता अभिव्यक्ति पुरुषका लागि स्वाभाविक हुन् भन्ने भाष्यलाई

बाँकी तेश्रो पृष्ठमा⇨

# कांग्रेसको अपरिहार्य विभाजन

**विष्णु सापकोटा**

व्यवहारिक हिसाबमा फुटेकै भए पनि प्राविधिक भाषामा अहिलेलाई कांग्रेस विभाजित भएको छ मात्र भन्दा पनि भयो । पुस मसान्तमा के भएको हो, सबैलाई थाहा छ र यस घटनालाई कानुनी रूपमा के भन्ने भनेर निर्वाचन आयोग र सम्भवतः अदालतको व्याख्यालाई पर्खनुपर्छ भन्ने पनि धेरैलाई थाहा छ । नेपालको सार्वजनिक विमर्शको वृत्त कहिलेकाहीं नहुनुपर्ने ठाउँमा बढ्ता विनयी हुन्छ जस्तो लाग्छ मलाई । जता पनि विनयी हुन खोज्दाको जोखिम के हुन्छ भने मान्छेहरू सबैतिर सतही हुन्छन् । उनीहरूले विषयलाई इतिहासको आलोकमा, एउटा राजनीतिक दृष्टिकोण बनाएर हेर्न जान्दैनन् । त्यसैले कतिपय विनयी-सतहीहरूले भनेका छन्, 'जे भए पनि नेपाली कांग्रेस विभाजित हुनु राम्रो भएन ।' रुखो शब्दमा भन्ने हो भने यसो भन्नु कुनै दृष्टिकोण नै होइन । किनकि यसले त्यसो भए कांग्रेसमा के हुनुपर्थ्यो त भनेर केही भन्दैन । आज मैले ३० पुसको कांग्रेस घटना किन नेपाली समाज र राजनीतिक आन्दोलनले लिएको एक लिनैपर्ने 'डिपार्चर' थियो भनेर यस विषयलाई हेरिनुपर्ने हाम्रो सामाजिक दृष्टिकोण के हुनुपर्छ भनेर चर्चा गर्नेछु । र, यो घटना कांग्रेसबाहिरका अरू राजनीतिक मोर्चाका वर्तमान स्थिति र बृहत् नेपाली समाजको बहावसँग कसरी जोडिन्छ भनेर केही विचारहरू राख्नेछु । त्यस क्रममा मैले शेरबहादुर देउवा र उनको वरिपरिका दुई/चार जनामाथि व्यक्तिगत टिप्पणी पनि गर्नेछु, केपी ओलीको एमालेलाई यो सबैको अर्थ के हुनेछ भनेर छुनेछु, बालेन शाह र रवि लामिछानेले अहिले के सोचेको हुनुपर्छ भनेर केही भन्नेछु र निर्वाचन आयोगले यस विषयलाई कसरी हेर्नुपर्छ भनेर राजनीतिक सल्लाह दिनेछु । यस विषयमा दृष्टिकोण बनाउनका लागि पहिले छोटकरीमा २३ र २४ भदौलाई कसरी बुझ्ने भन्ने महत्त्वपूर्ण हुन्छ । भदौ विद्रोहमा हाम्रो समाज किन त्यत्रो आवाज निकालेर विस्फोट भएको थियो भने नेपाली समाजको ऊर्जावान् नयाँ पुस्ता र राजनीतिको दृष्टिकोणका हिसाबले वृद्ध र 'डेलिभरी' का हिसाबले अशक्त पुस्ता बस्न त एउटै देशमा बस्थे तर उनीहरूले बाँच्ने र बुझ्ने समय फरक थिए । राजनीतिक दलका पुराना पुस्ताका नेतृत्व तहमा बसेका व्यक्तिको भन्दा समाजको चेतना निकै अगाडि बढेको थियो । एकातिर बौद्धिक चेतनामा 'ब्याक्वार्ड', अर्कोतिर देशका सम्पूर्ण बेथिति र कुशासनका सूत्रधार, तैपनि देश फेरि यिनै मुट्ठीभर दुई-चार जनाका कब्जामा रहने स्थिति । त्यसलाई बदल्नुपर्छ भनेर भएको त होइन त्यो स्वःस्फूर्त सामाजिक विस्फोट ? अनि, कुनै ठूलो रूपान्तरणका लागि एउटा 'डिपार्चर' लियो भने न गन्तव्यमा पुगिने हो । कांग्रेसको यो विद्रोह त्यही बृहत् रूपान्तरणका लागि एउटा प्रस्थानबिन्दु हो । एउटा राजनीतिक संगठन र अभियानका रूपमा कांग्रेसले लिएको जेन-जी विद्रोहको मागको यो संस्थागत अपनत्व हो । समाज र उसका अपेक्षा बदलिएका थिए, हाम्रो दलीय दृष्टि र क्षमता बदलिएको थिएन भनेर स्वीकार गरेको हो ।

कांग्रेसमा अहिले यो विद्रोह नभएको भए शेरबहादुर मात्र होइन, हाम्रा राजनीतिक संगठनहरू अझै पनि केपी ओली र पुष्पकमल दाहालहरूकै लायक छन् भनेर धेरैले स्विकारेको अर्थ लाग्ने थियो । विशेष महाधिवेशनले नयाँ नीति र नेतृत्व नचुनेको भए, वैकल्पिक शक्तिका रूपमा उदाउन प्रतिस्पर्धामा उत्रेका बालेन शाह र रवि लामिछानेलाई थप निखारिनुपर्ने केही आवश्यकता नै हुने थिएन । अब शेरबहादुरबाट सुरु गरेर क्रमशः अगाडि बढौं । उनीसँग अब के बाँकी छ ? नेपाली कांग्रेसको सात दशकको इतिहासमा उनी जति कलंकित, अयोग्य प्रधानमन्त्री र सभापति कहिल्यै कोही भएको थियो ? उनको पालामा जति यो देशमा बेथिति प्रजातन्त्रकालमा अरू कसको समयमा भएको थियो ? उनको आफ्नै क्षमताले भन्दा पनि गिरिजाप्रसाद कोइरालासँग भाग नपाएर रिसाएकाहरूको समूह एकत्रित हुँदाहुँदै इतिहासको दुर्घटनाले मात्र उनी नेपाली कांग्रेसको सभापति बनेका होइनन् ? यो सबै भएर पनि, उनी अझै पनि केही महिनाका लागि कांग्रेसको सभापति पदमा झुन्डिन पर्नुको कारण माघ ६ गते आफूले भनेअनुसार निर्वाचनको टिकट दिन पाउनुबाहेक अरू केही थियो ? अनि आफैंले टिकट बाँड्नुको अर्थ आगामी निर्वाचनबाट कांग्रेसका तर्फबाट आफैं प्रधानमन्त्रीको उम्मेदवार हुने लोभबाहेक अरू केही थियो ? र, उनी कांगेसको सभापति भइराख्नुपर्ने एउटा मात्र राजनीतिक कारण अहिलेसम्म बाहिर कतै आएको थियो ? के पाउन बाँकी थियो यो देशले उनीबाट ? उनी अझै पनि फेरि प्रधानमन्त्री भएर यो देशका लागि एउटा यस्तो केही गर्छु भनेर भनेको कसैले कतै सुनेको थियो ? यी सबै प्रश्न देउवालाई हुँदै होइन । उनी त प्रश्नका लायक पनि छैनन् । यी प्रश्न ३० पुसमा सानेपामा उपस्थित शेरबहादुरका पूर्णबहादुर खड्का र विमलेन्द्र निधिलगायतका उच्चस्तरीय शिष्य, शेखर कोइराला र उनको देउवासेवी समूहका लागि हो । जाँगर छ भने माथिका प्रश्नहरू फेरि एक पटक पढ्नुहोस् । किन पढ्नुहोस् भने यो विषय तपाईंले गरेको राजनीतिभन्दा अझ गहिरो, तपाईंहरूका निजी आत्मसम्मानसँग जोडिएका छन् । तपाईं किन राजनीतिमा हुनुहुन्छ र त्यसो गर्दा तपाईंले कतै अञ्जानमा देश र लोकतन्त्रका लागि काम गर्छु भन्दाभन्दै थाहै नपाई त्यसको उल्टो त गर्नुभएको छैन भन्नेसँग जोडिएको छ । होइन भने, बहुमत प्रतिनिधिले विशेष महाधिवेशन मागेका छन् भन्ने जान्दाजान्दै तपाईं त्यस प्रक्रियाको विरुद्ध उभिनु भएपछि तपाईंहरू कसको सेवामा हुनुहुन्थ्यो भनेर समाजले तपाईंहरूको व्यक्तित्वको पतन भएको मूल्यांकन गरेको


बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## न्युजिल्यान्डद्वारा इरान दूतावास बन्द

*काठमाडौं, ०२ माघ ।*

न्युजिल्यान्ड सरकारले इरानमा बिग्रँदै गएको सुरक्षा अवस्थालाई मध्यनजर गर्दै शुक्रबार तेहरानस्थित आफ्नो दूतावास अस्थायी रूपमा बन्द गरेको छ। साथै, त्यहाँ कार्यरत आफ्ना कूटनीतिक कर्मचारीहरूलाई सुरक्षित रूपमा बाहिर निकालिएको जानकारी दिएको छ । विदेश मन्त्रालयका प्रवक्ताका अनुसार कूटनीतिक कर्मचारीहरू रातारात व्यावसायिक उडानमार्फत सुरक्षित रूपमा इरानबाट बाहिरिएका हुन् । इरानमा सुरक्षा अवस्था निरन्तर बिग्रँदै गएकाले तेहरानस्थित दूतावासको सञ्चालन हालका लागि टर्कीको अङ्कारामा सारिएको मन्त्रालयले जनाएको छ । प्रवक्ताले भने, “हामी इरानतर्फ हुने सबै प्रकारका यात्राविरुद्ध सल्लाह दिन निरन्तर जारी राखिरहेका छौँ । हाल इरानमा रहनुभएका कुनै पनि न्युजिल्यान्डवासी नागरिकहरूलाई यथाशीघ्र देश छोड्न आग्रह गर्दछौँ ।” उनका अनुसार हालको परिस्थितिमा विदेश मन्त्रालयसँग इरानमा रहेका न्युजिल्यान्डवासीहरूलाई कन्सुलर सहयोग उपलब्ध गराउने क्षमता अत्यन्त सीमित मात्र रहेको छ । विदेश मन्त्रालयले इरानमा गम्भीर सञ्चार चुनौतीहरू देखिएको पनि जनाएको छ । ती चुनौतीका कारण त्यहाँ रहेका मानिसहरूलाई आफ्ना परिवार र साथीहरूसँग सम्पर्क गर्न निकै कठिन भइरहेको प्रवक्ताले बताए । मन्त्रालयले इरानमा रहेका न्युजिल्यान्डवासीहरूलाई सकेसम्म आफ्ना आफन्त तथा नजिकका व्यक्तिसँग सम्पर्कमा रहन सल्लाह दिएको छ । यसैबीच, न्युजिल्यान्डका विदेशमन्त्री विन्स्टन पिटर्सले बिहीबार इरानको राजधानी तेहरानमा भएको विशाल सरकारविरोधी प्रदर्शनप्रति सुरक्षाबलले दिएको हिंसात्मक



प्रतिक्रियाबाट आफ्नो देश ‘गहिरो रूपमा स्तब्ध’ भएको प्रतिक्रिया व्यक्त गरेका छन् । उनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, “प्रदर्शनकारीहरूको हत्यासहित इरानका सुरक्षा बलहरूले गरिरहेको क्रुर दमनको हामी कडा शब्दमा निन्दा गर्दछौँ ।” मन्त्री पिटर्सले इरानी जनतालाई शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्ने, अभिव्यक्ति स्वतन्त्रता उपयोग गर्ने र सूचनामा पहुँच प्राप्त गर्ने मौलिक अधिकार रहेको उल्लेख गर्दै ती अधिकारहरू हाल निर्ममतापूर्वक दमन भइरहेको बताए । उनले भने, “न्युजिल्यान्ड सरकार इरानमा विकसित भइरहेको अवस्थाप्रति अत्यन्त गम्भीर चिन्तित छ ।” सो चिन्ता वेलिङ्टनस्थित इरानी दूतावासमार्फत प्रत्यक्ष रूपमा व्यक्त गरिएको र आगामी दिनहरूमा पनि कूटनीतिक माध्यमबाट आफ्ना धारणा स्पष्ट रूपमा राखिरहने उनले जानकारी दिए । स्तानमा खाद्य असुरक्षा : महिला र बालबालिका सबैभन्दा प्रभावित काबुल- अफगानिस्तानमा कुपोषण सङ्कटले महिला तथा बालबालिकामाथि गम्भीर असर पुऱ्याइरहेको छ । विश्व खाद्य कार्यक्रमका अफगानिस्तान प्रमुखका अनुसार अन्तर्राष्ट्रिय समुदायले यस सङ्कटमा महिला र बालबालिकालाई सहयोग पुऱ्याउन असफल भएको छ । देशमा सन् २०२१ देखि तालिबानको शासन छ र त्यसपछि दाताहरूको सहायता लगातार घट्दै आएको छ । सन् २०२४ सालमा विश्व खाद्य कार्यक्रममा आएको सहयोग रकम सन् २०२५ मा आधाभन्दा कम भएको छ । आउँदो १२ महिनामा पाँच लाखभन्दा बढी महिला र बालबालिकाले तीव्र कुपोषण भोग्नेछन् भने करिब चार लाख बालबालिकालाई उपचार आवश्यक पर्न सक्छ । कुपोषण उपचार गर्ने क्लिनिकहरू बन्द हुँदै गएका छन् र उपचार नपाउँदा धेरै बालबालिका ज्यान गुमाउने जोखिममा छन् ।

गर्भवती र स्तनपान गराइरहेकी महिलाहरूमा पनि कुपोषणको सङ्ख्या बढेको छ । यी महिलाहरू आफ्ना सन्तानलाई खान दिन आफूले पर्याप्त पोषण लिन नसक्ने अवस्थामा छन् ।जहाँ सहायता रोकिएको छ, त्यहाँ परिवार हरूले छोरीहरूलाई सानो उमेरमै विवाह गर्न बाध्य बनाइरहेका छन् र बालबालिकालाई विद्यालयबाट निकालेर काममा पठाइरहेका छन् । अफगानिस्तान अहिले खाद्य असुरक्षा र कुपोषणको गम्भीर सङ्कट भोगिरहेको छ, र लाखौँ महिला र बालबालिकालाई जीवन रक्षाको लागि तत्काल सहयोग आवश्यक छ ।

## गाजा शान्ति परिषद् गठन गर्ने ट्रम्पको घोषणा



*काठमाडौं, ०२ माघ ।*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले गाजा शान्ति परिषद् गठन गर्ने घोषणा गरेका छन् । यो प्यालेष्टाइनी क्षेत्रमा युद्ध अन्त्य गर्ने उद्देश्यले अमेरिकी योजनामा उल्लेखित निकाय हो । सामाजिक सञ्जाल ट्रुथमा ट्रम्पले परिषद्को गठन भएको घोषणा गर्नु ठूलो सम्मानको कुरा भएको उल्लेख गर्दै यसका सदस्यहरूको सूची चाँडै सार्वजनिक हुने बताएका छन् । उनले परिषद्लाई सबैभन्दा ठूलो र सबैभन्दा प्रतिष्ठित परिषदको रूपमा वर्णनसमेत गरेका छन् । शान्ति परिषद्को प्रमुखको हैसियतमा उनले नयाँ नियुक्त प्यालेस्टिनी प्राविधिक समिति र संक्रमणकालीन अवधिमा गाजाको प्रशासन हेर्ने राष्ट्रिय समितिलाई समर्थन गरेको बताउदै प्यालेष्टाइनी नेताहरू शान्तिपूर्ण भविष्यका लागि दृढ प्रतिबद्ध रहेको जनाएका छन् । युद्धपछिको अवधिमा गाजाको व्यवस्थापन गर्न १५ सदस्यीय प्यालेष्टाइनी प्राविधिक समिति गठन भएको केही समयपछि यो घोषणा आएको हो । अमेरिका समर्थित गाजा शान्ति योजना गत अक्टोबर- १० देखि लागू भएको थियो भने यस क्षेत्रमा अन्तर्राष्ट्रिय बलको तैनाथीका साथै प्यालेष्टाइनी प्रहरी एकाइहरूको प्रशिक्षणको प्रावधान समावेश छ । अमेरिकी मध्यपूर्वका दूत स्टिभ विटकोफका अनुसार बुधबार देखि लागू भएको योजनाको दोस्रो चरण गाजा पट्टीको पुनर्निर्माणमा केन्द्रित छ ।

## बङ्गलादेशको आवासीय भवनमा आगलागी

*काठमाडौं, ०२ माघ ।*

बङ्गलादेशको राजधानी ढाकाको आवासीय भवनमा शुक्रबार आगलागी हुँदा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै १३ जना घाइते भएको जनाइएको छ । “फायर सर्भिस” र “सिभिल डिफेन्स कन्ट्रोल रुम ” का ड्युटी अफिसर मोहम्मद रफी अल फारुकलाई उद्दृत गर्दै छ तले आवासिय भवनको पहिलो तलामा स्थानीय समय अनुसार विहान ७:५४ मा आगलागी भएको सिन्ह्वाले जनाएको छ । अग्नि नियन्त्रकहरुको सक्रियतामा करिब विहान १० बजे आगो नियन्त्रणमा लिए पछि तीन जनाको शवको बरामद गरिएको जनाइएको छ ।

ढाकाको प्रहरीका ड्युटी अफिसर नजमुल शकिबले आगलागिका कारण घाइते भएकाहरुलाई उपचारको लागि अस्पतालमा लगेपछि अन्य तिन जनाको मृत्यु भए पछि मृतकको सङ्ख्या छ पुगेको बताउनु भएको छ । उनीहरूबाहेक अन्य १३ जना घाइते मध्ये १० जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरी अधिकारीले बताएको छ , भने आगलागीको कारण अझै अज्ञात छ ।

## विषाक्त पुरुषत्वल.......

झन् बलियो बनायो । अझ आफ्नो रिस पोख्दा महिलाद्वेषी अभिव्यक्ति युवा पुस्ताकै मुखबाट सुनिए । उदाहरणका लागि आफूलाई जेन-जी अभियन्ता दाबी गर्ने सुदन गुरुङले ‘हामी चुरा लगाएर बसेका छैनौं’ जस्ता महिलालाई होच्याउने अभिव्यक्ति दिएका थिए । यसले देशको वर्तमान अवस्था र महिलाको स्थिति किन यस्तो छ भन्ने स्पष्ट पार्छ । नेताहरूको सोच र अभिव्यक्तिअनुसारै राजनीतिक वातावरण बन्छ र समाजमा विद्यमान मान्यता तथा हाम्रो समाजीकरणले पुरुष नेताको व्यवहार निर्धारण गरेको हुन्छ । झन् अचम्मको कुरा के छ भने चाहे वृद्ध होस् या युवा, शिक्षित होस् वा अशिक्षित- महिलाप्रतिको व्यवहार र दृष्टिकोणमा खासै तात्विक भिन्नता देखिँदैन । सामाजिक सवालहरू बुझ्ने र विश्लेषण गर्ने तौरतरिकामा पनि ठूलो दूरी छैन । त्यसैले समाज रूढिवादी नै रहने तर नेता परिवर्तनकारी चाहिने हाम्रो चाहना र यथार्थबीच ठूलो खाडल छ । यस्तो सोच भएका युवा तथा परम्परागत भनिएका नेताहरूले कस्तो विकास गर्लान् ? विषाक्त पुरुषत्व समाजले निर्माण गरेको यस्तो सोच र व्यवहारको ढाँचा हो, जहाँ आक्रामकता, हिंसा र प्रभुत्वलाई ‘पुरुषत्व’ को प्रतीक मानिन्छ । यसले भावनात्मक संवेदनशीलता, हेरचाह र सहानुभूतिलाई कमजोरी ठान्छ । महिला तथा लैंगिक र यौनिक अल्पसंख्यकमाथि नियन्त्रणलाई स्वाभाविक ठान्छ र शक्ति, अधिकार तथा निर्णय गर्ने स्थानलाई पुरुषको स्वाभाविक हकझैं प्रस्तुत गर्छ । र, महिलाको नेतृत्व स्विकार्दैन । महिला सहभागितालाई भोट र चुनावमा सिट बढाउने प्रयोजनका लागि मात्रै हेरिन्छ । पितृसत्तात्मक राज्य व्यवस्थामा महिलाहरू सहज तरिकाले नेतृत्वमा पुग्दैनन् । साभार ईकान्तिपुर

## कांग्रेसको अपरिहार्य...

छैन र ? हो, ठीक यही कारण नै विशेष महाधिवेशन अगाडि बढ्नैपर्ने थियो । यदि पुरानो संस्थापनसँग कुनै सम्झौता भएर महाधिवेशनले नयाँ नेतृत्व नचुनेको हुन्थ्यो भने, आगामी पाँच वर्ष पनि प्रस्ट रूपमा त्यो कांग्रेस देउवाको अधीनस्थ हुन्थ्यो । अस्ति सानेपामा जम्मा भएका, स्वतन्त्र चेत गुमाइसकेका र त्यस्तो भएको थाहै नपाएको जमातले फेरि पनि कांग्रेसभित्रको नयाँ आवाज र भिजनलाई दबाउने नै थियो ।त्यसैले मैले गरेको तर्क के हो भने, त्यस्तो देउवा अधीनस्थ कांग्रेस सग्लो रहँदा देशलाई पनि र लोकतान्त्रिक सुशासनका लागि पनि झनै हानिकारक हुने थियो । अब रह्यो पूर्णबहादुरको कुरा । यिनको एउटा मात्र योग्यता भनेको यिनको अयोग्यता थियो । त्यही कारण देउवाले ढुक्कसँग यिनलाई कार्यवाहक दिएका थिए किनकि देउवालाई थाहा थियो त्यसो गर्दा उनले केही दिएकै हुँदैनथ्यो । साभार ईकान्तिपुर

## रौतहटमा निर्वाचन.......

आवेदन दिनेहरूमध्ये ५ हजार ३४८ जना पुरुष र ९३६ जना महिला रहेका छन् । त्यसैगरी सशस्त्र प्रहरीतर्फ कुल ४५२ जनाले आवेदन दिएका छन्, जसमा ४२५ जना पुरुष र २७ जना महिला रहेका छन् ।

## यात्रुबाहक बसमै.........

छ । मृतकको शव कानुनी प्रक्रिया पूरा गरी उनका भाइ उमेश मुखियाको जिम्मा लगाइएको प्रहरीले जनाएको छ ।


## यात्रुबाहक बसमै.........

प्रवेशले काठमाडौं महानगरपालिकाको प्रशासनिक संरचना र राजनीतिक परिदृश्यमा प्रभाव पर्ने बताएका छन् । प्रहरी प्रशासनमा लामो समय काम गरेका अनुभवी नेतृत्वको अनुपस्थिति व्यवस्थापन र सुरक्षा कार्यमा चुनौती पैदा गर्न सक्ने सम्भावना रहेको तर्क उनीहरूले राखेका छन् ।

यसैबीच, सामाजिक संजालमा समेत राजु पाण्डेको राजीनामा र राजनीतिक यात्रा सुरु हुने खबर चर्चित बनेको छ । उनका समर्थकहरूले उनको अनुभव र नेतृत्व क्षमताले आगामी राजनीतिक क्षेत्रमा पनि सकारात्मक भूमिका खेल्ने अपेक्षा व्यक्त गरेका छन् ।

# स्वास्थ्य

## गर्भावस्थामा थाइराइड बढ्दा शिशुमा कस्तो असर पर्छ ?



गर्भावस्थामा थाइराइड बढ्ने समस्याले धेरै महिलालाई सताएको पाइन्छ । गर्भावस्थामा थाइराइडको स्तर बढ्दा आमा र गर्भमा रहेको शिशुको स्वास्थ्यमा प्रतिकूल असर पर्छ । यसले भ्रूणको विकासमा असर गर्छ । **गर्भावस्थाको थाइराइड गडबडी कति जटिल ?** गर्भावस्थामा थाइराइड गडबडी भएमा आमा र बच्चा दुवैका लागि जटिल अवस्था सिर्जना हुनसक्छ । शिशुमा शारीरिक तथा मानसिक विकास नहुने तथा शिशु पछि गएर सुस्त मनस्थितिको हुनसक्छ । आमामा प्रि-इक्लाम्पसिया (गर्भावस्थामा हुने उच्च रक्तचापको समस्या), समयभन्दा अगाडि प्रसूति पीडा लाग्ने, प्रसूतिमा धेरै रगत बग्ने, भ्रूणको तौल कम हुने वा मृत शिशु जन्मिन सक्छ । थाइराइडकै कारण गर्भको बच्चामा मस्तिष्कको विकास राम्ररी नहुने भय हुन्छ । बच्चामा ‘न्युरोलोजिकल डिसअर्डर’ सामान्य रूपमा भन्नुपर्दा दिमागी विकास रोकिनु वा सुस्त हुनु जस्तो समस्या देखिन सक्छ । जसले गर्दा बच्चाको वृद्धि विकासमा समेत समस्या हुनसक्छ । साथै बच्चामा कान नसुन्ने वा उचाइ कम हुने जस्ता समस्या आउन सक्छ । गर्भमा हुँदा अक्सिजनको कमी भई गर्भमा नै मृत्यु हुनसक्छ । **थाइराइड गडबडी भएमा गर्भ नै नरहने समस्या पनि हुन्छ** थाइराइड हार्मोनको मात्रा बढी वा कम भएमा महिलाको महिनावारी गडबडी हुने, प्रजनन् क्षमता घट्ने वा कमजोर हुने र डिम्बाशयमा डिम्ब उत्पादन कम हुन्छ । यसले गर्भमा बच्चा बस्न गाह्रो हुन्छ । त्यसैले थाइराइड भएको शंका लागेमा जाँच गराई उपचार गर्नुपर्छ । समयमा उपचार नभएमा गर्भ नरहने जोखिम हुन्छ । **गर्भावस्थामा हुने थाइराइडको लक्षण** गर्भावस्थामा थाइराइडको निदान गर्न गाह्रो हुनसक्छ । किनकि थाइराइडका केही लक्षणहरू प्रायः गर्भावस्थाका लक्षणहरूसँग मिल्दोजुल्दो हुन्छन् । गर्भावस्थामा महिलालाई दुई प्रकारको थाइराइडको समस्या हुनसक्छ । पहिलो हाइपोथाइराइडिज्म, जसमा थाइराइड ग्रन्थीले आवश्यकता भन्दा कम थाइरोइड हार्मोन उत्पादन गरिरहेको हुन्छ । यो समस्यामा तौल बढ्ने, अत्याधिक थकान, कब्जियत, अत्याधिक जाडो, मांसपेशीमा दुखाइ र ध्यान केन्द्रित गर्न कठिनाइ जस्ता लक्षण देखिन्छन् । त्यस्तै हाइपरथाइराइडिज्ममा भने थाइराइड हार्मोन बढी उत्पादन हुन्छ । यस अवस्थामा धेरै गर्मी, थकान, बेचैनी, वाकवाकी, बान्ता, हात कप्ने, वजन घट्ने वा बढ्ने र अनियमित मुटुको धड्कन जस्ता लक्षणहरू देख्न सकिन्छ । **गर्भावस्थामा कति हुनुपर्छ थाइराइडको स्तर ?** गर्भावस्थाको समयमा सामान्यतया थाइराइड स्तर ०.४ देखि ४ मिली-इन्टरनेसनल प्रतिलिटर (एमआईयू/एल) राम्रो मानिन्छ ।

गर्भावस्थाको पहिलो त्रैमासिकमा थाइराइडको स्तर ०.१ एमआईयू/एल भन्दा बढी हुनुहुँदैन । गर्भावस्थाको दोस्रो त्रैमासिकमा ०.२ एमआईयू/एल भन्दा कम र ३.० एमआईयू/एल भन्दा बढी हुनुहुँदैन । गर्भावस्थाको तेस्रो त्रैमासिकमा थाइराइडको स्तर ०.३ एमआईयू/एल भन्दा कम र ३.० एमआईयू/एल भन्दा बढी हुनुहुँदैन । **गर्भको शिशुका लागि थाइराइड आवश्यक हुन्छ ?** गर्भावस्थाको पहिलो तीन महिनामा थाइराइड हार्मोनले बच्चाको मस्तिष्क र स्नायु प्रणालीको विकासको लागि धेरै महत्त्वपूर्ण हुन्छ । बच्चाले यो हार्मोन सालमार्फत प्राप्त गर्छ । तसर्थ, आमाको थाइराइड स्तर नियन्त्रण गर्नु महत्त्वपूर्ण हुन्छ । गर्भावस्थाको १२ औं हप्तादेखि बच्चाको आफ्नै थाइराइड ग्रन्थीले थाइराइड हार्मोन उत्पादन गर्न थाल्छ ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा**

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

# काठमाडौं नगर प्रहरी प्रमुख राजु पाण्डेले राजीनामा, सक्रिय राजनीतिमा प्रवेश गर्ने संकेत

**काठमाडौं,०२ माघ ।**

काठमाडौं महानगरपालिकाका नगर प्रहरी प्रमुख राजु पाण्डेले आफ्नो पदबाट राजीनामा दिएका छन् । पाण्डेले राजीनामासँगै अब सक्रिय राजनीतिमा प्रवेश गर्ने संकेतसमेत दिएका छन् । यो कदम काठमाडौं प्रहरी संगठन र महानगरको प्रशासनमा नयाँ परिवर्तनको सुरुआतको रूपमा हेरिएको छ । लामो समयदेखि नगर प्रहरी संगठनको नेतृत्व गर्दै आएका पाण्डेले आफूले सम्हालेको पदमा धेरै चुनौतीपूर्ण कार्यहरू पूरा गरेको र अब व्यक्तिगत तथा भावी राजनीतिक यात्राका लागि नयाँ मार्ग अपनाउन चाहेको बताएका छन् ।

उनका अनुसार, प्रहरी संगठनमा रहेका अनुभव र समृद्धि अब उनी आगामी राजनीतिक क्षेत्रमा उपयोग गर्ने लक्ष्य रहेको छ । पाण्डेको नेतृत्वमा काठमाडौं नगर प्रहरीले विभिन्न सुरक्षा व्यवस्थापन, ट्राफिक नियन्त्रण, अपराध अनुसन्धान र नागरिक सेवामा उल्लेखनीय योगदान पुर्‍याएको थियो ।



उनका पहलमा शहरमा सुरक्षा र शान्ति कायम राख्न नयाँ योजना तथा कार्यक्रमहरू अघि बढाइएका थिए । उनको राजीनामापछि महानगरपालिकामा नगर प्रहरी नेतृत्वमा नयाँ व्यवस्थापनको तयारी थालिएको छ ।

यस सन्दर्भमा प्रशासनिक प्रक्रियाअनुसार अस्थायी रुपमा वरिष्ठ अधिकृतहरू जिम्मेवारी सम्हाल्नेछन् र आगामी समयमा स्थायी नियुक्तिको प्रक्रिया अघि बढाइने छ । विश्लेषकहरूले पनि पाण्डेको राजीनामा र राजनीतिमा

बाँकी तेश्रो पृष्ठमा⇨

# यात्रुबाहक बसमै यात्रुको मृत्यु

**जनकपुर,०२ माघ ।**

सप्तरीको कञ्चनपुर क्षेत्रमा यात्रुवाहक बसमा सवार एक यात्रुको मृत्यु भएको छ । भैरहवाबाट विराटनगरतर्फ जाँदै गरेको लु २ ख ३४८५ नम्बरको बसमा यात्रा गरिरहेका तिरहुत गाउँपालिका-४, डिमनका ५५ वर्षीय महेश मुखियाको बाटोमै मृत्यु भएको हो । इलाका प्रहरी कार्यालय कञ्चनपुरका प्रहरी नायब उपरीक्षक माधवप्रसाद काफ्लेका अनुसार मुखिया विगत ३-४ दिनदेखि बिरामी थिए । उपचारका लागि घर लैजाने क्रममा बिहीबार बसमै उनको मृत्यु भएको प्रारम्भिक जानकारी प्राप्त भएको प्रहरीले जनाएको छ । शुक्रबार बिहान बस चालकले प्रहरीलाई जानकारी गराएपछि गरिएको प्रारम्भिक अनुसन्धानमा घटनामा कुनै शंकास्पद अवस्था नदेखिएको प्रहरीको भनाइ

बाँकी तेश्रो पृष्ठमा⇨


## परवानीपुर गाँउपालिकाद्धारा जनहितमा जारी संदेश

प्राय: प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

बच्ने उपायहरु

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेबन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोहि बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।


# सिन्धुली एसबीआई बैंक लुटपाट: घरधनीकै संलग्नता, ७ जना पक्राउ




**काठमाडौं,०२ माघ ।**

सिन्धुली जिल्लाको घ्याङलेख गाउँपालिका-२ हायुटार स्थित एसबीआई बैंकको शाखा कार्यालयमा भएको लुटपाट घटनामा बैंक सञ्चालन भइरहेको घरका धनीकै संलग्नता रहेको खुलेको छ । लुटपाटपछि फरार रहेका घरधनी छविलाल स्याङ्तानलाई प्रहरीले नजिकैको जंगलबाट पक्राउ गरी शुक्रबार सार्वजनिक गरेको छ । जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रवक्ता डीएसपी सूर्यप्रकाश सुवेदीका अनुसार बैंक लुटपाट प्रकरणमा संलग्न ७ जनालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेहरूमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-१० का ४९ वर्षीय भागवत सिंह, सिन्धुली घ्याङलेख गाउँपालिका-२का ४७वर्षीय चतुरमान बज्यु, भरतपुर महानगरपालिका-२ बस्ने २४ वर्षीय शशांक श्रेष्ठ, नुवाकोट पञ्चकन्या गाउँपालिका-५ का २३ वर्षीय मिलन गिरी, १९ वर्षीय विवेक मगर, घरधनी ४४ वर्षीय छविलाल स्याङ्तान तथा एक १६ वर्षीय किशोर रहेका छन् । प्रहरीले लुटपाटबाट प्राप्त भएको २ करोड ६८ लाख ५५ हजार १७५ रुपैयाँ नगद बरामद गरेको जनाएको छ । साथै घटनामा प्रयोग गरिएका २ थान खुकुरी, नक्कली प्लास्टिकको पेस्तोल, टेप, ४ थान नकाब र एक थान पञ्जा समेत नियन्त्रणमा लिइएको छ । अनुसन्धानका क्रममा घरधनी छविलाल स्याङ्तान र चतुरमान बज्युले गएको असोज महिनादेखि नै बैंक लुटपाटको योजना बनाएको खुलेको प्रहरीले जनाएको छ । पुस २९ गते साँझ करिब साढे ७ बजेतिर बैंकका सुरक्षा गार्ड रुद्रबहादुर कार्की तथा कर्मचारीहरूलाई नियन्त्रणमा लिई खुकुरी प्रहार गरी घाइते बनाइएको सूचना प्रहरीलाई प्राप्त भएको थियो ।

सूचना पाउनासाथ इलाका प्रहरी कार्यालय बस्तीपुरबाट खटिएको टोली घटनास्थलमा पुग्दा बैंकका कर्मचारी र सुरक्षा गार्डलाई दुई वटा कोठामा हातखुट्टा बाँधिएको र मुखमा टेप टाँसिएको अवस्थामा फेला पारेको थियो । उनीहरूको तत्काल उद्धार गरी उपचारको व्यवस्था गरिएको थियो । घटनाको अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट प्रहरी उपरीक्षकको कमान्डमा ५० जना प्रहरी परिचालन गरिएको थियो । खोजतलासका क्रममा घटनास्थलबाट करिब २ किलोमिटर पूर्व लिपिखोलामा बीएडी ०३९८ नम्बरको टाटा सुमो र चालक भागवत सिंहलाई नियन्त्रणमा लिइएको थियो । प्रारम्भिक सोधपुछमा चालकले काभ्रेबाट विवाहका लागि भन्दै ६ जनाले सुमो रिजर्भ गरी ल्याएको बयान दिएका थिए । शंकास्पद देखिएपछि सवारी साधन र चालकलाई नियन्त्रणमा लिई थप अनुसन्धान अघि बढाइएको प्रहरीले जनाएको छ । अनुसन्धानका क्रममा पुस २९ गते राति जंगलका विभिन्न स्थानमा बोरामा लुकाइ राखिएको १ करोड ८० लाख १० हजार ५०० रुपैयाँ बरामद गरिएको थियो ।

त्यसैगरी, पुस ३० गते बिहान घ्याङलेख गाउँपालिका-१ सुकाचुरीबाट पक्राउ परेका ४ जनाको साथबाट थप ५ लाख ९ हजार ६७५ रुपैयाँ फेला परेको थियो । उनीहरूको बयानका आधारमा लुकाइछिपाइ राखिएको थप ८३ लाख ३५ हजार रुपैयाँ समेत बरामद गरिएको प्रहरीले जनाएको छ । घटनामा प्रयोग भएका कपडा, नकाब, पञ्जा र नक्कली हतियारसमेत नियन्त्रणमा लिइएको छ । प्रहरका अनुसार घटनाबारे थप अनुसन्धान जारी रहेको छ ।

# निर्वाचन तोकिएकै समयमा हुन्छ: संयोजक प्रचण्ड

**काठमाडौं,०२ माघ ।**

नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचन तोकिएकै समयमा हुने बताउनुभएको छ । भरतपुर महानगरपालिकाको प्रशासकीय भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रचण्डले भन्नुभयो, “संविधानसभाको पहिलो निर्वाचनको समयमा पनि अघिल्लो दिनसम्म पनि चुनाव हुन्छ र भन्ने देशैभरी हल्ला थियो । तर चुनाव भयो ।” राजनीतिक दल र जनता अघि बढीसकेकाले अब पनि चुनाव हुन्छ की हुँदैन भनेर अन्योलतामा नबस्न संयोजक दाहालले आग्रह गर्नुभयो ।

नेपाली कांग्रेसमा देखिएको विवाद र विभाजनले कही कतै निर्वाचनमा प्रभाव पार्न सक्ने आकलन गरिरहेको बेला प्रचण्डले उक्त विषय छिट्टै समाधान हुने दाबी गर्नुभयो । ‘ठूलो पार्टी यतिबेला विभाजन हुनु ठीक होइन । तर यसले निर्वाचनमा असर पार्ने छैन’, उहाँले भन्नुभयो । भरतपुर महानगरपालिका क्षेत्रमा भएको विकासका बारेमा बोल्दै प्रचण्डले भरतपुरलाई रोलमोडेलको रुपमा राष्ट्रले हेरेको बताउनुभयो । उहाँले भन्नुभयो,‘भरतपुर महानगरपालिकाको विकासको मोडेल सिंगो राष्ट्रले महसुस गरेको छ । यो सबैका लागि अनुकरणीय छ ।’ भरतपुर महानगर




प्रमुख रेनु दाहालले गरेको विकासका कामको तारिफ गर्नुभयो ।

कार्यक्रममा महानगर प्रमुख रेनु दाहालले भवन निर्माणसँगै आफ्नो कार्यकालमा गरेका कामको विवरण प्रस्तुत गर्नुभएको थियो । संघीय सरकारको २१ करोड ५८ लाख, १४ हजार, बागमती प्रदेश सरकारको १९ करोड ८९ लाख ३६ हजार र महानगरपालिकाको चार करोड ५० लाख गरेर कुल ५३ करोड ३२ लाख ४१ हजार रुपियाँमा निर्माण भएको हो । उद्घाटन समारोहमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, संविधानसभा सदस्य गीता वाग्ले, चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरनजीवी सुवेदीले सम्बोधन गर्नुभयो ।

# गगन नेतृत्वको कांग्रेस पदाधिकारी पनि धर्नामा

**काठमाडौं,०२ माघ ।**

गगन थापा नेतृत्वको नेपाली कांग्रेसका पदाधिकारीहरू आधिकारिकताको माग गर्दै निर्वाचन आयोगमा धर्नामा बसेका छन् । उपसभापति पुष्पा भुसाल, महामन्त्री प्रदीप पौडेल, सहमहामन्त्रीद्वय डा. डिला संग्रौला र फरमुल्लाह मन्सुर आयोग परिसरमा धर्नामा बसेका हुन् ।

आयोगअगाडि अहिले शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेस र गगन नेतृत्वको कांग्रेस आमनेसामने छन् । पार्टीको आधिकारिकतालाई लिएर दुवै पक्ष नाराबाजीमा उत्रिएको छ । गगन नेतृत्वको कांग्रेसका कार्यकर्ताहरू शुक्रबार दिउँसोदेखि नै आयोग परिसरमा धर्नामा बसिरहेका थिए भने देउवा नेतृत्वको कांग्रेसका कार्यकर्ताहरू ढिलो गरी निर्वाचन आयोग परिसर पुगेर धर्नामा बसेका थिए ।

देउवा नेतृत्वको कांग्रेसको तर्फबाट तरुण दल अध्यक्ष विद्वान गुरुङसहित युवाहरू निर्वाचन कार्यालयअगाडि धर्ना दिँदै नाराबाजी गरिरहेका छन् ।


निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा



निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा